आज मिति २०८१ साल असोज महिनाको २० गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समयः विहान ११:०० बजे** **बैठक नं - २६**

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर वटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री धुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री बन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आमन्त्रीतः**

| | | | |
|---|---|---|---|
| १. | श्री रमेश के सी | लेखापाल | |
| २. | श्री टेक बहादुर महतारा | प्रशासन पाँचौ | |

**सहयोगी कर्मचारी**

| | | | |
|---|---|---|---|
| १. | गंगा बा. बुढा | कार्यालय सहयोगी | |

**प्रस्तावहरू**

१. आर्थिक अख्तियारी दिने सम्बन्धमा।
२. उपभोक्ता समिति गठन/दर्ता सम्बन्धमा।
३. योगी नरहरिनाथ आधारभूत अस्पताल १५ शैयाको DPR पास सम्बन्धमा।
४. बाढी पहिरो अनुगमनका लागि जिल्ला विपद् समितिलाई अनुगनको लागि अनुरोध गर्ने सम्बन्धमा।
५. योगी नरहरिनाथ प्रज्ञा प्रतिष्ठान ऐन २०८१ पास सम्बन्धमा ।
६. साझेदारी गर्ने सम्बन्धमा ।
७. दर्ता अनुमति दिने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ बजेट तथा कार्यक्रम गाउँसभा बाट स्वीकृत भैसकेकोले सो अनुसार स्थानिय सरकार संचालन ऐन २०७४ को बमोजिम अनिर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०८१/०८२ का लागि कर्णाली प्रदेश सरकार खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय कालिकोटबाट यस गाउँपालिमा संचालन हुने योजनाहरुको सम्बन्धमा सम्बन्धित वडाबाट समिति वनाएर प्रमाणपत्र सहित सिफारिसका साथ पत्राचार गर्ने भनि माग भई आएकोमा तपशिल आयोजनाहरुमा उपभोक्ता समिति गठन गरि दर्ता सहित सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको योगी नरहरिनाथ आधारभुत अस्पतालको १५ शैया अस्पतालको निर्माण कार्यको विभिन्न चरणमा काम भै डि. पि. आर. समेत भैसकेको अवस्थामा DPR पासको कार्य गर्ने निकाय NHSP Project हाल अस्तित्वमा नरहेकोले DPR पास गर्नको लागि प्राविधिक सहयोगको लागि भवन डिभिजन कार्यालय जुम्ला संग प्राविधिक सहयोगको लागि पत्रचार गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०८१ को साउन र भाद्र महिनामा परेको अविरल बर्षाको कारण नरहरिनाथ गाउँपालिकाको विभिन्न क्षेत्रमा भौतिक क्षेति भएकावले सो क्षेत्रको क्षतिको अनुगमन गर्नको लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई पत्राचार गर्ने निर्णय गरियो ।



Paudel
युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा २०८१ को असार ३० गते देखि असोज महिना सम्म परेको अविरल बर्षाको कारण नरहरिनाथ गाउँपालिकाको विभिन्न क्षेत्रमा र वडा नं ५ को कालेखोला पहिरोले भौतिक क्षेति भएकोले सो क्षेत्रको क्षेतिको अनुगमन गर्नको लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं . १ मा अवस्थित वर्थिङ सेन्टरको स्तरोन्नति गर्नका लागि वन हर्ट वल्ड वाइड संग रु. ११,००,०००. (अक्षरुपी रु. एघार लाख मात्र )साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिमा संचालनमा रहेको आई.एन.एफ नेपालले गरेका गतिविधिहरुको परियोजनाका सम्बन्धमा हाल सम्म गरेका क्रियाकलापहरुलाई नियमित र पारदर्शि बनाउनको लागि वहुउदेश्यीय सहकारी संस्था दर्ता गर्ने प्रक्रियाको लागि अनुमति दिने निर्णय गरियो ।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ७ सम्म
प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner